श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२० सालको ऐन नं. १८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### शिक्षा ऐनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– शिक्षा ऐन, २०१६ (यसपछि मूल ऐन भनिएको)लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पंचायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ।

१. संक्षिप्त नामः– यस ऐनको नाम शिक्षा (संशोधन) ऐन, २०२० रहेकोछ ।

२. मूल ऐनको दफा १ मा संशोधनः– मूल ऐनको दफा १ को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएकोछः–

(३) यो ऐनका सबै वा केही दफा श्री ५ को सरकारले नेपाल गजेटमा समय समयमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

३. मूल ऐनको दफा २ मा संशोधनः– (१) मूल ऐनको दफा २ को खण्ड (ख) मा रहेको "माध्यमिक शिक्षालय" भन्ने शब्दहरूको सट्टा "विद्यालय" भन्ने शब्द र "छ देखि एघार" भन्ने शब्दहरूको सट्टा "छ देखि दश" भन्ने शब्दहरू राखिएकोछः–

(२) मूल ऐनको दफा २ को "खण्ड (ग) र (घ)" को सट्टा देहायको "खण्ड (ग) र (घ)" राखिएकोछः–

(ग) "प्रौढ शिक्षालय" भन्नाले १६ वर्ष उमेर पुगिसकेका निरक्षर वयस्कहरू–लाई साक्षर बनाउने र कक्षा ५ को योग्यता भएको १६ वर्ष उमेर

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पुगेका वयस्कहरूलाई माध्यमिक विद्यालयको शिक्षण कार्य ४ कक्षामा विभाजित गरी पूरा गर्ने शिक्षालय सम्झनुपर्छ,

(घ) "शिक्षालय" भन्नाले प्राथमिक पाठशाला, विद्यालय र सो सरहको व्यावसायिक वा बहुमुखी शिक्षण संस्था र प्रौढ शिक्षालयसमेत सम्झनुपर्छ ।

४. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को सट्टा देहायको दफा ४ राखिएकोछः–

४. "शिक्षालयको सञ्चालनः– शिक्षालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।"

५. मूल ऐनको दफा ६ मा संशोधनः– मूल ऐनको दफा ६ मा रहेको "पाठ्यक्रमको तोकिएको कुनै विषयको शिक्षण र परीक्षा नेपाली भाषा बाहेक अरू भाषामा तोकिए बमोजिम हुन सक्नेछ" भन्ने शब्दहरूको सट्टा "पाठ्यक्रममा तोकिएको कुनै विषयको शिक्षा र परीक्षा नेपाली भाषा बाहेक अरू भाषामा पनि तोकिए बमोजिम हुन सक्नेछ" भन्ने शब्दहरू राखिएकोछ ।

६. मूल ऐनको दफा ७ मा संशोधनः– मूल ऐनको दफा ७ को उप-दफा (२) मा रहेको "शिक्षा निरीक्षकबाट निर्दिष्ट प्राथमिक पाठशालामा श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकेको मितिदेखि अनिवार्य रूपमा पढ्न पठाउन पर्ने आदेश जारी गर्न सक्तछ" भन्ने शब्दहरूको सट्टा "निर्दिष्ट प्राथमिक पाठशालामा अनिवार्य रूपमा पठाउनु पर्ने आदेश श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी, तोकिदिएका मितिदेखि जारी गर्न सक्तछ" भन्ने शब्दहरू राखिएकोछ ।

(२) मूल ऐनको दफा ७ को उप-दफा (३) झिकिएकोछ ।

७. मूल ऐनको दफा ८ मा संशोधनः– मूल ऐनको दफा ८ को उप-दफा (३) मा रहेको "शिक्षा बोर्डको सचिवालयका समान पदका" भन्ने शब्दहरूको सट्टा "समान पदमा शिक्षा बोर्डको सचिवालयका" भन्ने शब्दहरू राखिएकोछ ।

८. मूल ऐनको दफा ९ मा संशोधनः– मूल ऐनको दफा ९ मा रहेको "शिक्षा निरीक्षक अफिस" भन्ने शब्दहरूको सट्टा "शिक्षालय निरीक्षण सम्बन्धी अफिस" भन्ने शब्दहरू राखिएकोछ ।

९. मूल ऐनको दफा ११ मा संशोधनः– मूल ऐनको दफा ११ को उप-दफा (१) को खण्ड (घ) मा रहेको "सरकारी शिक्षालय बाहेक अरू शिक्षालयलाई सरकारी मान्यता" भन्ने शब्दहरूको सट्टा "शिक्षालयलाई मान्यता" भन्ने शब्दहरू राखिएकोछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. मूल ऐनको दफा १३ मा संशोधनः– मूल ऐनको दफा १३ को उप-दफा (२) को खण्ड (ख) र (छ) मा रहेको "सरकारी" भन्ने शब्द झिकिएकोछ र खण्ड (फ) मा रहेको "शिक्षा निरीक्षकहरूको" भन्ने शब्दहरूको सट्टा "शिक्षालय निरीक्षकहरूको" भन्ने शब्दहरू राखिएकोछ ।

लालमोहर सदर मितिः– २०२०।५।१०।२.

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ को सरकारको सह–सचिव,
कानून तथा न्याय मन्त्रालय ।

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२० सालको ऐन नं. १६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### कुनै नेपाल ऐन खारेज गर्न बनेको ऐन

प्रस्तावनाः– साविकको मुलुकी ऐन खारेजभै सम्वत् २०२० साल भाद्र १ गतेदेखि नयाँ मुलुकी ऐन लागू भैसकेको र सो ऐनमा अदालती कारवाइ (विविध व्यवस्था) ऐन, २०१७ मा उल्लेख भएका सबै व्यवस्थाहरू आवश्यक संशोधनहरू सहित समावेश भैसकेकोले उक्त अदालती कारवाइ (विविध व्यवस्था) ऐन, २०१७ खारेज गर्न वाञ्छनीय हुँदा,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम कुनै नेपाल ऐन खारेज गर्ने ऐन, २०२० रहेकोछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।